देवचुली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

उद्यम विकास सहजकर्ता सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम प्रकाशन मिति:२०७७।०७।२७

यस नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ मा गरिबी निवारणकोलागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालनको लागि तपशिल बमोजिमका कर्मचारी सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले यो दरखास्त आवह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा आवश्यक कागजात सहित आवेदन दिनुहुन अनुरोध छ ।

तपशिल:

क्र. सं	विज्ञापन नं	पद र तह	माग संख्या	आवेदन दस्तुर	कैफियत
१	०४/०७७/७८	उद्यम विकास सहजकर्ता	२	५००।(कार्यालयको राजश्व शाखामा बुझाउन सकिने)	

१) आवश्यक न्यूनतम योग्यता:

क: शैक्षिक योग्यता:

अ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेको, वा

आ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ((सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उतीर्ण गरेको, वा

इ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ((सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तिर्ण गरेको ।

ख: उमेर: कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२) दरखास्त दिने स्थान: देवचुली नगरपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

३) दरखास्त दिने अन्तिम मिति: २०७७/०८/११ गते

४) छनौट किसिम:प्रारम्भिक छनौट र अन्तरबार्ता (देवचुली नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ अनुसार हुनेछ ।

५) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:

क.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि(लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र)ग) कार्यअनुभए भए सोको प्रमाणपत्र घ) आवेदन दस्तुर तिरेको रसिद

६) सेवा सुविधा: छनौट भएका सहजकर्ताको योग्यताको आधार लिई आपसी सहमतिमा तय हुनेछ।

७) सूचनामा उल्लेख हुन नसकेका विषयको हकमा देवचुली नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ मा उल्लेख भए अनुसार हुनेछ ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकिय अधिकृत